अनुसूची - १६
(दफा ३३ को उपदफा (२) संग सम्बन्धीत ।)

## वनपैदावार लिलामबिक्रीको विस्तृत सूचना

# श्री भिमवली सामुदायिक वन उपभोक्ता समुह कालिका न.पा.५, चितवन

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिती २०८३/०४/०१

च.नं. ०१

श्री भिमवली सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित समुहको कम्पाउण्ड घाटगद्धीमा निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गनुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालय मा सुचिकृत भएको ईच्छुक काठको कारोबार गर्ने व्यक्ति, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना चितवन पोष्ट दैनिक पत्रिकामा पहिलो पटक प्रकाशितभएको सूचना वमोजिम उल्लेखित सर्तहरुको लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिल :

**१. लिलामहुने वन पैदावारको विवरण :-**

| वन पैदावारको विवरण | | | | | | | | मुल्यांकन रु. | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | जात | किसिम | आ.व. | लट | थान | ग्रेड | परिमाण क्यू.फिट | न्युनतम मूल्य | संकलन खर्च |
| १ | सिसौ | गालिया | २०८२/०८३ | १ | ३२ | A | ३०२.३८ | ३७७९७५.०० | ७११३१.२० |
| | | | | | ३७ | B | १८६.६२ | १८६६२०.०० | |
| | | | | | ६ | C | १९.०८ | ११४४८.०० | |
| जम्मा | | | | | ७५ | | ५०८.०८ | ५७६०४३.०० | ७११३१.२० |

२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

क) खरिद गर्नुपर्ने अन्तिम मिति २०८३/०४/२१ गते कार्यालय समय भित्र ।

ख) दाखिला गर्नुपर्ने २०८३/०४/२२ गते २:०० बजे भित्र ।

ग) खरिद वा दाखिला गर्ने दिन सार्वजनिक विदा भएमा त्यसको भोलि पल्ट कार्यालय समयमा खरिद गरि दाखिला गर्न सकिने छ ।

३ बोलपत्र साथ कबुल गरेको रकमको १०% (दस प्रतिशत) ले हुनआउने रकमबोलपत्रखरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको सिद्धार्थ बैकमा रहेको खाता नं. ००८१५३३२९०८ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टि समावेश हुनुपर्ने छ ।

४. बोलपत्र फारम प्रति लटको रु १,०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री भिमवली सामुदायिक वन उपभोक्ता समुहको कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक काठको कारोवार गर्ने कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,काष्ठ व्यवसायी दर्ता प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०४/२५ गते २५ औं दिनको दिन १२:०० बजे समुहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्तभएको १० (दश) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्यअभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकमअङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा रकम फरक परेमाअक्षरलाई मान्यतादिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्त समूहमा निहित रहनेछ ।

मछिन्द्र पाण्डे
अध्यक्ष
मछिन्द्र पाण्डे
अध्यक्ष

CamScanner